आज मिति २०७८ साल पौष ३० गते भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल :

श्री भूपेन्द्र बहादुर चन्द नगर प्रमुख
श्री रेणु आचार्य, नगर उपप्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जित बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री वल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण वहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान वहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कंडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर वस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगीहरु**

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी)
श्री लक्ष्मन वि.क, एम.आई.एस.अपरेटर

**प्रस्ताव नं. १ : कोभिडको तेस्रो लहर रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।**
**निर्णय नं. १ :** यस भेरीगंगा नगरपालिकामा २०७८ पौष मसान्तसम्ममा ओमिक्रोन भेरियन्टको तेस्रो लहरबाट चारजनालाई पोजिटिभ केश भेटिएको । यस भेरीगंगा नगरपालिकामा कोभिडको तेस्रो लहर रोकथाम तथा नियन्त्रण गर्न जरुरी भएको र हालसम्ममा कोभिड कोषमा रु. १७ लाख रकम बचत देखिएको हुँदा उक्त रकमबाटै निम्नानुसारका कार्यहरु संचालन गरी कोभिड रोकथाम तथा नियन्त्रण गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

क) राताचौरस्थित अस्थायी कोभिड अस्पतालमा हप्ताको एकदिन स्वास्थ्य परीक्षण गर्ने ।

ख) उक्त अस्पतालमा रहेका सामग्रीहरुको हालसम्मको अवस्था र संख्या यकिन गर्ने ।

ग) सि.अ.हे.व. छैठौं श्री बिमल रावतको संयोजकत्वमा सि.आई.सि.टी टिम गठन गर्ने जसमा सबै स्वास्थ्य चौकीका प्रमुख, धिरेन्द्र घर्ती, मोहन शर्मा र अर्जुन चपाई सदस्य रहने,

घ) वडा समिति गठन गर्ने, नगरस्थित सबै वडाहरुमा सम्बन्धित वडाको वडाअध्यक्षको अध्यक्षतामा स्वास्थ्य चौकीका प्रमुख, प्रधानाध्यापक, महिला स्वास्थ्य स्वंयसेविका १ जना सदस्य रहने र वडा सचिव सदस्य सचिव रही वडाका बिरामीहरुको परीक्षण तथा आइसोलेसनमा वस्ने व्यवस्था र विदेशबाट आउने नागरिकहरुको निगरानीको व्यवस्थां मिलाउने,

ङ) स्वास्थ्य शाखाले आगामी दिनको कार्य विवरण बनाई पेश गर्ने,

च) क.प्र. ०० भ १९० नम्बरको एम्बुलेन्स चालक दिपक डाँगीले उठाएको रकम कार्यालयमा दाखिला गर्न राजस्व, लेखा शाखाबाट पत्राचार गर्ने र प्रमोद थापाले एम्बुलेन्स संचालन गर्दा २०७८ वैशाख १५ देखि २०७८ भदौ ३१ सम्म उठेको रकम रु. ७२११०।- यस कार्यालयको राजस्व खातामा दाखिला गर्ने । उक्त रकम रसिद अनुसार राजस्व शाखाले यकिन गर्ने र कोभिडको तेस्रो लहर फैलिसकेको हुँदा विज्ञापन प्रक्रियामा जाँदा लामो समय लाग्ने हुँदा प्रमोद थापालाई २०७८ माघ २ देखि सम्झौता गरी सेवा करारमा नियुक्ति दिने र उक्त नगरपालिकास्थित दुवै एम्बुलेन्सहरु मर्मत सम्भार गरी संचालनमा ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धमा ।**
**निर्णय नं. २ :** नेपाल सरकार, राष्ट्रिय भूमि आयोग र यस भेरीगंगा नगरपालिकाबीच मिति २०७८।०९।२४ गते यस नगरपालिकाका सबै वडाहरुमा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोबासीहरुको विगतमा गरेको कामको अतिरिक्त काम गर्दै जाने सम्झौता सम्पन्न भइसेकेको सो अनुसार निम्नानुसारको कार्य अगाडि बढाउने निर्णय गरियो ।

<u>तपसिल :</u>

क) भूमि इकाईमा रु. १६ लाख ५० हजार रकम बाँकी रहेको,

ख) साविकका लगत लगत प्रविष्टीकर्ताहरु दुर्गा वली, धिरेन्द्र रोकाय, नवराज रोकायलाई २०७८।०९।३० गतेबाट साविकको सेवा सुविधा बमोजिम लगत प्रविष्टी कार्यमा लगाउने,

ग) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ अनुसार काम गर्ने,

घ) भूमि इकाई प्रमुखमा शाखा अधिकृत श्री गजेन्द्र कुमार जि.सी.लाई तोक्ने तथा अमिन श्री डिकेन्द्र पौडेललाई मिति २०७८।०९।३० देखि भुमि सेवा इकाईको कामकाजमाा खटाउने र खटिए वापत खाईपाई खाएको मासिक सेवा सुविधाको अतिरिक्त २५ प्रतिशतका दरले सेवा सुविधि उपलब्ध गराउने,

ङ) वडाका अध्यक्ष, सदस्यहरुलाई भू-उपयोग नीति सम्बन्धी २ दिने अन्तर्क्रिया कार्यक्रम राख्ने,

३५

Scanned with CamScanner

**प्रस्ताव नं. ३ : सम्पत्तिकर प्रणाली अनलाईन सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस नगरपालिकाको सबै वडाहरुमा राजस्व संकलन प्रणालीलाई व्यवस्थित बनाउने सिलसिलामा सबै वडा सचिवहरु समेतलाई सम्पत्तिकर अनलाईन प्रणाली सम्बन्धी २ दिने तालिम दिइसकिएको र उक्त सफ्टवेयर समेत नगरपालिकामा लागु गर्दा यसै आर्थिक वर्षमा यस भन्दा अगाडि सम्पत्तिकर रकम भुक्तानी गरिसकेका व्यक्तिहरुको दररेटमा फरक पर्न गई पुरानो रकम बक्यौता देखिने भएको हुँदा उक्त फरक पर्न जाने रकम मिनाहाको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : प्रगति विवरण प्रकाशन सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस नगरपालिकामा जनप्रतिनिधिहरुले कार्यभार सम्हालेदेखि हालसम्मको भए गरेका कामहरुको विवरण सहितको संगालोको रुपमा प्रगति पुस्तक प्रकाशन गर्ने र सो मा लाग्ने रकम शीर्षकको खोज गरी भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : प्रधानमन्त्री रोजगार कार्यक्रम/मुख्यमन्त्री कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत कामको लागि पारिश्रमिन अनुदान वापत रु. १ करोड ४८ लाख ७८ हजार प्राप्त भएकोमा सूचिकृत बेराजगारहरुको सूचीमा रहेकाहरुबाट काम गर्ने गरी प्रत्येक वडालाई रु. ११ लाख ४४ हजार ५ सय ३८ रुपैया रकम र यूवा रुपान्तरण १८-४० वर्षकाले काम गर्ने गरी रु. ३८ लाख ९ हजार प्राप्त भएकोमा प्रति वडा रु. २ लाख ९३ हजार रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

साथै मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनौट भई आएका योजनाहरुको हकमा उक्त कार्यक्रमको कार्यविधि अनुसार फेरबदर गर्नुपर्ने भए सम्बन्धित वडाले निर्णयसहित पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : दरबन्दी भन्दा बढी कर्मचारी भर्ना नगर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६ :** कृषि विकास शाखा र पशु विकास शाखामा स्वीकृत कर्मचारी दरबन्दी भन्दा बढी कर्मचारी भर्ना नगर्ने भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. १८८ मिति २०७८।०९।२१ पत्रानुसार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : छिन्चु बसपार्कको सम्झौता तथा अख्तियारी सम्बन्धमा ।**

**निर्णय नं. ७ :** यस भेरीगंगा नगरपालिका वडा नं. १२ स्थित नेपालगञ्ज - सुर्खेत र छिन्चु-जाजरकोट सडकखण्डमा पर्ने प्रस्तावित छिन्चु बसपार्क निर्माणको लागि श्री नगर विकास कोष काठमाडौसँग कुल निर्माण खर्चको ७० प्रतिशत लागत नगर विकास कोषबाट ऋण लिने र ३० प्रतिशत लागत रकम यस नगरपालिकाबाट व्यहोर्ने गरी नगर विकास कोष र यस भेरीगंगा नगरपालिकाबीच ऋण सम्झौता गर्नुपर्ने भएको हुँदा श्री नगर विकास कोषसँग ७० प्रतिशत ऋण रकम लिने र सो आयोजनामा लाग्ने कुल लागतको ३० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने यस नगरपालिकाको तर्फबाट सम्झौता गर्न यस नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द, उपप्रमुख श्री रेणु आचार्य ढकाल र प्रशासकीय अधिकृत श्री सिता कुमारी खत्री (गिरी) लाई अख्तियारी दिने निर्णय गरियो । साथै यो निर्णय अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : अनुदान सहयोग माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ८ :** यस भेरीगंगा नगरपालिका वडा नं १२ स्थित श्री रामजानकी सामुदायिक वनको जग्गा लिजमा लिई यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्नका लागि प्रारम्भिक वातावरणीय अध्ययना **(IEE)** र विस्तृत परियोजना प्रतिवेदन **(DPR)** समेत तयार भइसकेको हुँदा सो निर्माणको लागि श्री नगर विकास कोषसँग अनुदान सहयोग माग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ९ : नमुना विद्यालय सम्बन्धमा ।**

**निर्णय नं. ९ :** यस भेरीगंगा नगरपालिका वडा नं. ५, स्थित श्री जनज्योती माध्यमिक विद्यालय भिंगनीलाई नमुना विद्यालयको रुपमा संघीय सरकारबाट छनौट भई चालु आ.व. २०७८।०७९ मा पहिलो चरणमा रु. १ करोड ५० लाख रकम निकासा भएको र उक्त रकमबाट योजनाको DPR र भवन निर्माणको ठेक्का प्रक्रिया सुरु भइरहेको र भवन निर्माण गर्ने स्थानमा सोही विद्यालयको स्वामित्वमा रहेको ३ वटा ६ कोठाको ढुंगा र माटोको जोडाईबाट बनेको जीर्ण भवन यस नगरपालिका नगर कार्यपालिकाका इन्जिनियर श्री विजय कुमार केसी र अ.स.ई. श्री बल बहादुर डाँगीको प्राविधिक मूल्यांकन अनुसार हुने गरी उक्त भवन भत्काई नमुना विद्यालय निर्माण कार्य अगाडि बढाउने र भवन भत्काउँदा निस्केको काठ, ढुंगा प्राविधिक मूल्यांकन विद्यालयले प्रयोग गर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : नमुना समाज सम्बन्धमा ।**

**निर्णय नं. १० :** यस भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय र नमुना समाज सुर्खेतबीच भेरीगंगा नगरपालिका अन्तर्गत वडा नं. १ को वसेरी, वडा नं. ८ को लक्ष्मीपुर, वडा नं. ११ को तल्लो बाह्रगाँउ र वडा नं. १२ को मसिनामाका वस्तीहरुमा विभिन्न कृषि प्रवर्द्धन, जनचेतना, स्वास्थ्य, शिक्षा, सीपमुलक आयआर्जन जस्ता कार्यक्रमहरु ३ (तीन) वर्ष सम्ममा नगरपालिकको ३० प्रतिशत र नमुना समाज सुर्खेतको ७० प्रतिशत लगानीमा नमुना गाँउ निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गर्ने गरी मिति २०७७।०५।२३ मा दोहोरो सम्झौता भई मिति २०७७।०९।०२ गते रु. ३०,००,०००।- पेश्की लिएकोमा उक्त पेश्की रकमको हालसम्म भएको खर्च र कामको विवरणसहित पेश गरी फछ्यौट गर्नु भनी यस कार्यालयबाट प.सं. २०७७।०७८, च.नं. २१३०, मिति २०७८।०३।२८, प.सं. २०७८।०७९, च.नं. ३२३, मिति २०७८।०४।२७ को पत्रबाट ताकेता गरिएकोमा हालसम्ममा पनि सम्पर्कमा नआएको हुँदा पेश्की फछ्यौट गर्ने कार्यमा सहयोग पुऱ्याइदिनको लागि श्री जिल्ला प्रशासन कार्यालय सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : पारिश्रमिक रकम सम्बन्धमा ।**

**निर्णय नं. ११ :** यस भेरीगंगा नगरपालिकामा संचालित अस्थायी कोभिड अस्पताल राताचौरमा कार्यरत डाक्टर र अन्य सहयोगी कर्मचारीहरुलाई २०७८ साउन महिना देखि पौष मसान्तसम्मको पारिश्रमिक रकम यस नगरपालिकाको करार सेवा शुल्क शीर्षकबाट खर्च लेखी सम्बन्धित कर्मचारीहरुको लागि पारिश्रमिक सम्बन्धित मन्त्रालयबाट रकम निकासा भएपछि शोधभर्ना हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : साझा सुविधा केन्द्र (उघम घर) सम्बन्धमा ।**

**निर्णय नं. १२ :** स्थानीय स्तरमा रहेका अति विपन्न वर्ग जोसँग उघम गर्ने चाहना भएर पनि उघम गर्न उपयुक्त स्थानको अभावका कारण उघम गर्न नसकिरहेको वर्गलाई मध्यनजर गर्दै गरिवी निवारणका लागि लघु उघम विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट शसर्त अनुदान वापत साझा सुविधा केन्द्र (उघम घर) निर्माणको लागि प्राप्त रकम रु. ५,००,०००।- सम्बन्धित कार्यक्रमको कार्यविधि बमोजिम सुविधा उपलब्ध गराउने गरी घर भाडामा लिने हो भने मासिक घरभाडा निर्धारण गरी वा भवन निर्माण कार्यमा रकम उपलब्ध गराउने हो भने कति वटा कोठा र सुविधा उपलब्ध गराउने सो यकिन गरी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : होल्डिङ सेन्टर सम्बन्धमा ।**

**निर्णय नं. १३ :** साविक बबईमा रहेको र हाल यस भेरीगंगा नगरपालिका वडा नं. १२ मा होल्डि सेन्टर वनाउने भनी सामाजिक विकास मन्त्रालयबाट यस नगरपालिकामा निर्देशन भएबमोजिम होल्डि सेन्टर वनाउन रु.५०,००,०००। लाख रकम प्राप्त हुने बुझिएको हुँदा उक्त कार्य तत्काल गर्नुपर्ने भएको । साथै यस नगरपालिका नगर कार्यपालिकाबाट रु.१०,००,०००।- सम्मको निर्माण कार्य उपभोक्ता समितिवाट गराउने भनी निर्णय भएकोले उक्त कार्यको लागि आएको रकम रु.५०,००,०००।- सम्मको कार्य उपभोक्ता समितिलाई दिई सम्पन्न गर्ने निर्णय गरियो ।

Scanned with CamScanner